नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर

## विषय दर्ता सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/८३ मा कक्षा ११ मा भर्ना हुनका लागि माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) मा न्यूनतम १.६ GPA प्राप्त गर्नुपर्ने व्यहोराको सूचना मिति २०८२/०६/२७ गते प्रकाशन गरिएकोमा २०८० साल वा सोभन्दा अगाडि नियमित परीक्षार्थीको रूपमा परीक्षा दिई २०८१ सालको कक्षा १० (SEE) को परीक्षामा ग्रेड वृद्धि गरेका तथा Graded भएका आंशिक (ग्रेड वृद्धि) परीक्षार्थीहरूको ग्रेड सिट एकीकृत गर्नका लागि केही समय लाग्ने भएकाले त्यस्ता परीक्षार्थीहरूले कक्षा ११ मा विषय दर्ता फाराम भर्नका लागि सबै विषयमा तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको वा Graded भएको ग्रेड सिट संलग्न राखी विषय दर्ता फाराम पेश गरेमा सोही अनुसार फाराम बुझ्न/बुझाउन सकिने व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पुनश्चः राष्ट्रिय परीक्षा बोर्डका सम्पूर्ण कार्यालयहरूले आ-आफ्नो कार्य क्षेत्र भित्रका विद्यालयहरूलाई जानकारी गराई यसै सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध गरिन्छ।**